# सूचिकृत कम्पनी तथा शेयरधनीहरुका लागि
# नेपाल धितोपत्र बोर्डको जरुरी सूचना !!!

आगामी २०७२ माघ १ गतेवाट खारेजी, कारोवार रोक्का, निलम्वन र मर्जरमा रहेका वाहेकका सम्पूर्ण सूचीकृत कम्पनीहरुको शेयरको कारोवार, नामसारी र राफसाफको पूर्ण स्वचालित सेवा आरम्भ गर्न/गराउन नेप्से र सीडिएस एण्ड क्लियरिङ्ग लि.लाई विशेष निर्देशन दिइएकोले उपर्युक्त खारेजी, कारोबार रोक्का, निलम्बन वा मर्जरमा रहेका बाहेकका सम्पूर्ण सूचिकृत कम्पनीहरुको शेयर २०७२ पुस मसान्तसम्ममा अनिवार्य अभौतिकिकरण (Demat) गर्नको लागि सम्वन्धित सवै सूचिकृत कम्पनीसहित सम्बद्ध निकायलाई यस बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ बमोजिम निर्देशन दिइसकेको व्यहोरा पुन सूचित गरिन्छ।

साथै कम्पनीका शेयरधनीको हकमा तत्काल बिक्री गर्ने तथा शेयरको कारोबार गर्नेले माथि उल्लेख गरिएअनुसार पुष मसान्तभित्र अभौतिकिकरण (Demat) खाता खोली शेयरको अभौतिकिकरण गर्नुपर्नेछ। धितोपत्रको अभौतिकिकरण गर्ने कार्य नियमित तथा निरन्तर रुपमा चल्ने कार्य भएकोले तत्कालका लागि कारोबार गर्न नचाहने वा नपर्ने शेयरधनी लगानीकर्ताहरुले आफ्नो अनुकुलतामा आफ्नो धितोपत्र अभौतिकिकरण गर्न सकिने व्यवस्था रहेको व्यहोरा सम्वन्धित सवैलाई अनुरोध गरिन्छ।

**नेपाल धितोपत्र बोर्ड**

**जावलाखेल, ललितपुर**